# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।१४ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

ललितपुर महानगरपालिका, नक्सा शाखा, ललितपुरका अमिन बिरेन्द्र चन्दले जग्गाको प्राविधिक मार्फत नापँजाच गरी क्षेत्रफल निर्क्योल गरी सीफारिस गर्नका लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज अमिन बिरेन्द्र चन्दलाई सेवाग्राहीसँग रु.२०,०००।- (बीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त महानगरपालिकाको कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता